# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १३ मितिः २०८२/०९/२४

भाग — २

## देवघाट गाउँपालिकाको आदिवासी जनजाति उत्थान कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

**देवघाट गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको आदिवासी जनजाति उत्थान कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०९/२४
प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०९/२४

**प्रस्तावनाः**

देवघाट गाउँपालिका क्षेत्र भित्र रहेका आदिवासी जनजाति समुदायहरूको भाषा संस्कृतिको संरक्षण, उत्थान विकासका लागि आदिवासी जनजाति उत्थान कार्यक्रमलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,देवघाट गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " देवघाट गाउँपालिकाको आदिवासी जनजाति उत्थान कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अध्यक्ष" भन्नाले देवघाट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ख) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले तोकेका जातिहरूलाई बुझाउँदछ। सो शब्दावलीले प्रचलित कानून बमोजिम आदिवासी जनजातिको सूचीकरणमा परेका जातिहरूलाई समेत बुझाउँदछ।

(ग) "कार्यपालिका" भन्नाले देवघाट गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नुपर्दछ।

(ङ) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "संस्था" भन्नाले आदिवासी जनजाति समुदाय अन्तर्गतका जातिहरूको भाषा संस्कृतिको संरक्षण, विकास र उत्थान गर्ने उद्देश्यले स्थापित जातिगत संस्थालाई बुझ्नुपर्दछ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रक्रिया

**३.कार्यक्रम तथा वजेट व्यवस्थापनः**(१) गाउँपालिकाले आदिवासी जनजाति समुदायको भाषा संस्कृतिको संरक्षण,उत्थान तथा विकासका लागि विभिन्न कार्यक्रम समावेश गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिमका कार्यक्रम सञचालनका लागि गाउँपालिकाले आवश्यक वजेटको विनियोजन तथा व्यवस्थापन गर्न सक्नेछ।

**४. प्रस्तावना आह्वानः** (१) आदिवासी जनजाति उत्थान कार्यक्रम गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन हुने कार्यक्रमका लागि गाउँपालिका भित्र बसोवास गर्ने आदिवासी जनजातिका रूपमा वर्गीकृत जातिगत समुदायका संघ संस्थाबाट प्रस्ताव आह्वान गरी कार्यालयले पन्ध्र दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघी प्रस्तावना आएको खण्डमा त्यस्तो प्रस्तावना उपर कुनै कारबाही हुने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको तर्फवाट अन्यत्र प्रतिनिधित्व गरी जानु पर्ने भएमा गाउँ कार्यपालिकाले यस कार्यक्रमवाट खर्च हुने गरी निर्णय गर्न बाधा पर्ने छैन।

**५. प्रस्तावना पेश गर्नु पर्नेः** (१) दफा ४ को उपदफा (२) बमोजिम कार्यालयवाट प्रस्ताव आह्वान भएपछि गाउँपालिका भित्र बसोबास गर्ने आदिवासी जनजाति समुदायका जातिगत संघ संस्थाहरूले मात्रै कार्यक्रमको प्रस्तावना तयार गरी पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावना पेश गर्ने संघ संस्थाहरूले प्रस्तावनाका साथमा देहायका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) निवेदन,

(ख) संस्था दर्ता भएको भए दर्ताको प्रमाणपत्र,

(ग)प्रस्तावना पेश गर्ने सम्बन्धमा आमभेलाले गरेको निर्णयको प्रतिलिपि,

(घ)गाउँपालिका भित्र बसोबास गर्ने सम्बन्धित जातिगत समुदायका सबै जनसंख्यालाई समावेश गर्ने सम्बन्धमा प्रतिवद्धता पत्र।

(३) कुनै वडामा रहेका सम्बन्धित जातिका जनसंख्यालाई समावेश नगरेको वा वञ्चित गरेको भन्ने गुनासो आएमा त्यस्तो प्रस्तावना उपर कारवाही हुने छैन।

(४) उपदफा (१) बमोजिम प्रस्तावना पेश गर्दा दुई वा सोभन्दा बढी संस्थाहरूले आ-आफ्नो जातजातिको भेषभुषा, संस्कार, संस्कृति सहितको झाँकी समेतलाई समेटेर संयुक्त रूपमा प्रस्तावना पेश गर्न बाधा पर्ने छैन।

(५) उपदफा (१) बमोजिम प्रस्तावना पेश गर्दा संस्था दर्ता भई नसकेको भए चालु आर्थिक वर्षभित्र अनिवार्य रूपमा दर्ता गरेको हुनु पर्नेछ।

**६. प्रस्तावना छनौट सम्बन्धी मापदण्डः** (१) प्रस्तावना पेश गर्ने संस्थाको प्रस्तावनाको मूल्याङ्कन गर्दा देहायका मापदण्डका आधारमा गरिनेछः-

(क) संस्थाको गाउँपालिका स्तरीय कार्यसमिति गाउँपालिका भित्र बसोबास गर्ने सम्बन्धित समुदायका सबै जनसंख्यालाई समेटेर गठन गरिएको हुनुपर्ने,

(ख) पेश गरिएको प्रस्ताव जातिगत भाषा, धर्म, संस्कृति, भेषभुषा, भाषिक पुस्तक लेखन, अन्तरक्रिया, कार्यशाला जस्ता भाषा संस्कृतिको उत्थान गर्ने उद्देश्य स्वरूप तयार गरिएको हुनु पर्ने।

(२) उपदफा (१) बमोजिम मापदण्ड पूरा गरेका प्रस्तावहरूलाई कार्यपालिकाले जनसंख्या र औचित्यको आधारमा छनौट गर्नुपर्ने छ।

(३) उपदफा (२) वमोजिम प्रस्ताव छनौट गर्दा विभेद गर्नुहुँदैन।

(४) छनौट भएको प्रस्तावना पेश गर्ने संस्थाहरूको नामावली सहित कार्यालयले सम्झौताको लागि सात दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्झौता भएपछि कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ।

**७. प्रस्तावना पेश गर्ने संस्था सम्बन्धी व्यवस्थाः** (१) दफा ६ को उपदफा (२) बमोजिम छनौट हुने संस्थालाई गाउँपालिकाले जुनसुकै बेला सांस्कृतिक कार्यक्रम तथा झाँकी प्रदर्शन गराउन पत्राचार वा अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले अनुरोध गरेको खण्डमा उपस्थित भई आफ्नो संस्कार संस्कृति अनुसार भेषभुषा, वाजागाजा सहित

उपस्थित हुनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ । (३) उपदफा (१) वमोजिम गाउँपालिकाले संस्थालाई अनुरोध गर्दा गाउँपालिकाले आवश्यक खर्च व्यवस्थापन गर्न सक्नेछ। (४) उपदफा (१) बमोजिम गाउँपालिकाले अनुरोध गरेको खण्डमा कुनै संस्था उपस्थित नभएमा उपस्थित नहुने संस्थालाई आगामी वर्षहरूमा कार्यक्रम समावेश नगर्न गाउँपालिकालाई बाधा पर्ने छैन।

**८.सक्रिय हुनु पर्नेः** (१) दफा ५ को उपदफा (२) बमोजिम छनौट हुने संस्थाले आफ्नो विधान, उद्देश्य अनुरुप आफ्नो भाषा, संस्कार, संस्कृति, धर्म, भेषभुषाको संरक्षण गर्ने खालका कार्यमा सक्रिय हुनु पर्नेछ।

(२) उपदफा (१) मा लेखिए वाहेक कुनै पनि संस्थाले राजनीतिक दलको भातृ संगठनको रूपमा काम गर्नु हुँदैन।

(३) उपदफा (२) विपरीत हुने गरी कुनै संस्थाले कुनै राजनीतिक दलको भातृ संगठनको रूपमा काम गरेको पुष्टि हुन आएमा त्यस्तो संस्थालाई आगामी आर्थिक वर्षहरूमा यस कार्यक्रममा समावेश गरिने छैन।

## परिच्छेद ३

## भुक्तानी र फछ्यौट

**९.भुक्तानी र फछ्यौटः** (१) दफा ६ को उपदफा (२) बमोजिम छनौट हुने संस्थाले अनिवार्य रूपमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकमा बैंक खाता खोलेको हुनु पर्नेछ ।

(२) संस्था दर्ता भई नसकेका कारणवाट बैंक खाता नखोलिएको भएमा संस्थाको गाउँपालिकास्तरीय कार्य समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी अनिवार्य रूपमा खाता खोलिएको हुनु पर्नेछ ।

(३) आधिकारिक रूपमा दर्ता भई नसकेका संस्थाहरूले चालु आ.व. भित्र अनिवार्य रूपमा दर्ता गरिसक्नु पर्नेछ ।

(४) संस्थाले भुक्तानी लिनका लागि विनियोजन भएको रकमको खर्च विवरण सम्बन्धी विल तथा भरपाई, संस्थाको निर्णय, अनुगमन प्रतिवेदन समेत पेश गरेपछि कार्यालयले बैङ्किङ प्रणालीद्वारा भुक्तानी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम भुक्तानी लिने संस्थाले आगामी आर्थिक वर्षमा अनिवार्य रूपमा आय व्यय तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**१०. थपघट र हेरफेरः** मुलुकको आवश्यकता. प्राथमिकता एवम् सन्दर्भलाई समेत मध्यनजर गरी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**११. बाधा अड्काउ फुकाउः** यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत व्यावहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आई परेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाई कार्य सम्पादन सहजीकरण गर्न सक्नेछ ।

**१२. खारेजी तथा बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलितसँग बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

आज्ञाले
राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत